सम्वत् २०७६ सालको ऐन नं.- १

पाथीभरा याङवरक गाउँपालिका

# आर्थिक ऐन, २०७६

गाउँसभाबाट पारीत भएको मितिः २०७६/०३/११

पाथीभरा याङवरक गाउँपालिका

थेचम्बु, ताप्लेजुङ्ग

१ नं. प्रदेश नेपाल

अध्यक्ष ज्युबाट प्रमाणिकरण भएको मिति

२०७६/०३/१४

# पाथीभरा याङवरक गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वियनं गर्ने ऐन

**प्रस्तावनाः** पाथीभरा याङवरक गाउँपालिकाको आर्थिक वर्ष २०७६\७७ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नका निमित्त राजश्व संकलन गर्ने, स्थानीय कर लगाउने, करको दर घटाउने, बढाउने, छुट दिने तथा राजश्व प्रशासन सम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम पाथीभरा याङवरक गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन सम्वत् २०७६ साल श्रावण १ गते बुधवारका दिन देखि पाथीभरा याङवरक गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

**२. घर जग्गा तथा सम्पत्ति करः** (१) पाथीभरा याङवरक गाउँपालिकाको क्षेत्र भित्र आ.व. २०७६/७७ का लागि अनुसूची (१) बमोजिम घर जग्गा तथा सम्पत्ति कर लगाईने र असुल उपर गरिने छ ।

२) उपदफा (१) बमोजिमको कर करदाताले सम्बन्धित वडा कार्यालयमा गई भुक्तान गर्नु पर्नेछ। साथै यस्तो कर संकलनका लागि वडा कार्यालयले समय समयमा तोकेकोको स्थानहरूबाट सूचना प्रशारण गरी संकलन गर्न सक्नेछ ।

३) प्रचलित संघीय आर्थिक ऐन बमोजिम घर र सोले चर्चेको जग्गामा घरजग्गा कर र अन्य जग्गामा सम्पत्ति कर गरी एकमुष्ट रुपमा घरजग्गा तथा सम्पत्ति कर संकलन गरीनेछ ।

४) सालबसाली रुपमा विगतमा मालपोत कर, सम्पत्ति कर तथा भुमीकर संकलन गरीदै आएकोमा करदाताबाट त्यस्तो कर बक्यौता रहेको भए उक्त बक्यौता रकमका अतिरिक्त १०% थप गरी एकमुष्ट संकलन गरीनेछ ।

(५) उपदफा (१) बमोजिमको चालू आ.व.को कर आ.व. २०७६/७७ को पहिलो चौमासिक (कार्तिक मसान्त) भित्रै भुक्तानी गर्न आउने करदातालाई तिर्नु पर्ने करमा २०% छुटको व्यवस्था गरिएको छ ।

(६) यस दफा बमोजिमको कर संकलनलाई नियमित र व्यवस्थित बनाउनका लागि गाउँपालिकाको कार्यालय, वडाहरू र विषयगत शाखाहरुले कुनै प्रकारको सेवा लिदा/दिंदा यस दफा बमोजिमको कर तिरेको प्रमाणलाई आधार बनाउन सक्नेछन् ।

**३. घर बहाल करः** (१) पाथीभरा याङवरक गाउँपालिका क्षेत्र भित्र सरकारी तथा गैरसरकारी संघ संस्था, नीजि क्षेत्र, कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कर यस गाउँपालिकाद्वारा भुक्तानी हुने भएमा भुक्तानीकै क्रममा र अन्य करदाताको हकमा बहालमा लगाउने व्यक्ति वा संस्थाबाट संकलन गरिनेछ ।

**४. व्यवसाय करः** (१) गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय, उद्योग, नीजि वा सामूहिक फर्म वा सेवा लिने दिने फर्म, कम्पनि वा व्यवसायीबाट उक्त व्यवसायको पुँजीगत लगानी तथा आर्थिक कारोवारका आधारमा अनुसूची-३ बमोजिम व्यवसाय दर्ता तथा नवीकरण शुल्क लगाईने र असुल उपर गरिनेछ ।

(२) दफा (१) बमोजिमको कर तथा शुल्क व्यवसायीले वडा कार्यालय वा गाउँ कार्यपालिकाको कार्यालयमा गई भुक्तानी गर्नु पर्नेछ।

(३) यस दफा बमोजिमको कर विगत आ.व.हरुबाट बक्यौता सरी आएको भए उक्त करदाताबाट बक्यौता रकमको २०% रकम थप गरी चालू आ.व.मा कर उठाउँदा एकमुष्ट उठाईनेछ ।

**५. स्थानीय सडक उपभोग शुल्कः** (१) गाउँपालिका क्षेत्र भित्र अनुसूची-४ मा उल्लेखित सडकहरुको उपभोग गरेवापत सवारी साधनहरुबाट अनुसूची-४ बमोजिम स्थानीय सडक उपभोग शुल्क लगाइने र असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कर सवारीधनीहरूबाट एकमुष्ट वा गाउँपालिकाबाट कर्मचारी खटाएर वा नीजि क्षेत्रलाई करार गरी कर संकलन गराई राजश्व संकलन गरीनेछ ।

**६. बहाल बटौरी शुल्कः** गाउँपालिका क्षेत्र भित्रका पर्ति, अईलानी तथा सरकारी जग्गा कुनै व्यक्ति वा संस्थाले घर टहरा, दोकान, व्यवसाय वा खेति गरी उपभोग गरेकोमा अनुसूची-५ बमोजिमको बहाल बिटौरी कर लगाईने र असुल उपर गरिने छ ।

**७. ढुङ्गा, गिटी बालुवा (दहत्तर बहत्तर) संकलन तथा बिक्री शुल्कः** (१) प्रदेश आर्थिक ऐन, २०७६ को दफा (८) र सोको अनुसुची-६ बमोजिम यस गाउँपालिकाको प्रारम्भिक वातावरणिय परीक्षण (IEE) भएका स्थानहरूबाट तोकिएका परिमाणमा ढुङ्गा, गिटी, बालुवा (नदीजन्य दहत्तर बहत्तर) को उत्खनन, बिक्री बितरण गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्क संकलनका लागि गाउँपालिकाको बैठकले निर्धारण गरेको न्युनतम परिमाण रकमबाट नघट्ने गरी यस गाउँपालिकामा दर्ता, नविकरण गरेका ढुङ्गा, गिटी बालुवा संकलन तथा बिक्री गर्ने दर्तावाल व्यवसायीहरू बीच बढाबढ प्रतिस्पर्धा गरी गराई संकलन तथा बिक्रि गरिनेछ ।

(३) उपदफा (१) बमोजिमको रकम गाउँपालिकाको स्थानीय विभाज्य कोषमा जम्मा गरी सोको ४०% प्रदेश संचित कोषमा र ६०% स्थानीय संचित कोषमा दाखिला गरिनेछ ।

(४) दफा (१) बमोजिमको शुल्क संकलनका लागि ठेक्का नलागेमा गाउँपालिकाले आफ्नै कर्मचारी राखी संकलन तथा बिक्रि गर्न बाधा पर्नेछैन । साथै IEE नगरिएको स्थानको प्राक्रितिक स्रोतमा नियमानुसार IEE गरी ठेक्का लगाउन बाधा परेको मानिनेछैन ।

**८. रूख कटान सिफारीश दस्तुरः** (१) नीजि जंगलमा उत्पादित अनुसूची-७ मा उल्लेखित जातका रुखहरू कटानका लागि सिफारीश गर्दा यस्तो प्रकारका रुख कटान बापत अनुसूची-७ मा उल्लेखित दस्तुर सिफारीस माग्न आएको बखत असुलउपर वडा कार्यालयमार्फत गरिनेछ ।

(२) दफा (१) बमोजिमको सिफारीश दिंदा रुखको मोटाई १ मिटर भन्दा सानो रुख कटान गर्न अनुमती दिईने छैन । साथै काटिने रूखको अनुपातमा तेब्बर रुख रोप्न सहमती भएमा मात्र उक्त प्रकारको रुख कटानको सिफारीस प्रदान गरीने छ ।
(३) दफा (१) बमोजिम कडाजातका काठहरू कटानका लागि सिफारीश दिंदा जिल्ला बन कार्यालयबाट आवश्यक अनुमती प्राप्त भएको प्रमाण पेश गर्नु पर्नेछ ।
**९. गोलिया, काठ, दाउरा निकासीमा सडक उपभोग शुल्कः** (१) यस गाउँपालिकाको लगानीमा बनेको गाउँ तथा टोलस्तरीय सडक हुदै दफा ८. अनुसारको सिफारीश भई कटान भएको काठ दाउरा गोलिया र अन्य गाउँपालिकाबाट यस गाउँपालिका हुदै निकासी हुने काठ तथा गोलियामा अनुसूची-८ बमोजिमको सडक उपभोग शुल्क लगाईनेछ ।

तर अन्य गाउँपालिकाबाट यस गाउँपालिका हुदै जाने त्यस्तो काठ तथा गोलियामा यस्तो प्रकारको शुल्क यस गाउँपालिकाको सिमाना प्रवेश गर्नु अगावै भुक्तानी गरेको हकमा शुल्क उठाईनेछैन ।

(२) उपदफा (१) बमोजिमको शुल्क उठाउन वडा कार्यालयका कर्मचारी उपलब्ध भए निजहरूबाट र सो नभए वडा कार्यालयले कमिशन दिनेगरी संकलक नियुक्त गर्न सक्नेछन् । त्यसरी संकलक नियुक्त वडाले गरेको भए सोको जानकारी गाउँ कार्यपालिकालाई दिनु पर्दछ ।

(३) उपदफा (२) बमोजिम नियुक्त संकलकहरूलाई संकलन गरीएको रकमको बढीमा २५% कमिशन प्रदान गरिनेछ । संकलकले गाउँपालिकाको संचित खातामा संकलित रकम जम्मा गरे पछि उक्त कमिशन रकम दावी गर्न सक्नेछन् ।

**१०. सवारी साधन करः** (१) यस्तो कर प्रदेश आर्थिक ऐन, २०७६ अनुसार हुनेछ । तर उक्त ऐनको दफा ३. को उपदफा (२) बमोजिमको रिक्सा, अटोरिक्सा, विघुतीय रिक्सा र पावरटिलरमा अनुसूची-९ बमोजिमको सवारी साधन कर असुल गरिनेछ ।



केशर कुमार खड्का
अध्यक्ष

**११. सेवा शुल्क दस्तुर:** (१) गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार र सेवा बापत अनुसूची-१० मा उल्लेखित भए बमोजिमको सेवा, शुल्क एवं दस्तुर असुल उपर गर्नेछ ।

(२) दफा (१) बमोजिमको सेवा, शुल्क, दस्तुर सेवाग्राहीबाट सेवा प्रवाहको क्रममा वडा, गाउँपालिकाको कार्यालय र विषयगत शाखाहरुबाट असुल उपर गरिनेछ ।

(३) स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्य कानुनले स्थानीय तहले प्रमाणिकरण वा सिफारीश गर्नु भनी तोकेको अधिकार क्षेत्र भित्रमा सेवा अंग्रेजी माध्यामबाट प्रामाणित वा सिफारीश गर्नु परेमा नियमित लाग्ने दस्तुरमा दोव्वर दस्तुर त्यस्तो सेवा लिन आउने सेवाग्राहीबाट असुलउपर गरिनेछ ।

**१२. दण्ड जरिवाना:-** (१) आर्थिक वर्ष २०७६/७७ मा पाथीभरा याङवरक गाउँपालिका भित्र कुनै व्यक्ति वा संस्था वा निकायले स्थानीय कानुनको उल्लंघन गरेको पाइएमा कार्यपालिकाले दण्ड जरिवाना गर्न सक्नेछ।

(२) यस ऐनको उल्लंघन गरेवापत हुने दणड र जरीवानाको व्यवस्था यसै ऐनमा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा संघीय र प्रदेश कानून बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको दण्ड जरिवानाको दर प्रचलित कानुन बमोजिम हुनेछ ।

**१३. कर घटाउन, बढाउन वा छुट दिन सकिने:** यस ऐनमा जुनसुकै कुरा उल्लेख भएको भएतापनि गाउँ सभाले उपयुक्त ठानेमा तोकिएको कर तथा गैरकरको दर घटाउन, बढाउन वा त्यस्तो कर शुल्क आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ ।

(२) यस ऐनमा जुन सुकै कुरा उल्लेख भएको भएता पनि कार्यपालिकाले उचित ठानेमा सरकारी कार्यालयहरू, सरकारी तथा सामुदायिक विद्यालय, स्वास्थ्य संस्था र गैरनाफा मुलक संस्थालाई यस्तो प्रकारको कर शुल्कको दर पूरै वा आंशिक रुपमा घटाउन वा मिनाहा गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम दिईएको छुट सुविधाको कसैले दुरुपयोग गरेमा वा कुनै खास प्रयोजनका लागि छुट सुविधा प्रास गरेकोमा अरु प्रयोजनका लागि प्रयोग गरेमा त्यसरी छुट दिईएको शुल्क, कर रकम असुल उपर गरी सो रकम बराबर जरीवाना समेत गरिनेछ।

(४) उपदफा (१) र (२) बमोजिम दिईएको छुट विवरण प्रत्यक वर्ष राजश्व शाखाले गाउँ सभामा पेश गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम कर वा शुल्क दर घटाएको बढाएको वा छुट दिईएको सूचना गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

**१४. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधी:** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले निर्धारण गर्न सक्नेछ ।

**१५. प्रक्रिया सरलिकरण वा बाधा अडकाउ फुकाउ गर्न सक्ने:** प्रस्तुत कर सम्बन्धि कानून यस ऐनको कार्यान्वयनको चरणमा सार्वजनिक शान्ति र व्यवस्थामा गम्भिर खलल पुगेको वा सार्वजनिक आवागमनमा अवरोध भएको वा विपदको कारणले उल्लेखित कानूनले प्रदान गरेको सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लेखित कानून तथा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा कार्यपालिकाको राजश्व शाखाले आवश्यक्तानुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ।

## अनुसुचि-१ः

### (घरजग्गा तथा सम्पत्तिकरको दर एकमुष्ट)

रु. मा

| क्र.स. | सम्पत्ति मूल्याङ्कन रकम | आगमी आ.व.२०७६/७७ का लागि प्रस्तावित दर | कैफियत |
|---|---|---|---|
| १ | ५ लाखसम्म सम्पत्ति हुने करदाता | १५० | |
| २ | ५००००१ देखी १० लाखसम्म | थप प्रति लाखको १९ | |
| ३ | १०,००,००१ देखी २५ लाखसम्म | थप प्रतिलाखको ३० | |
| ४ | २५,००,००१ देखी ५० लाखसम्म | थप प्रतिलाखको ३५ | |
| ४ | ५०,००,००१ देखी १ करोडसम्म | थप प्रति लाखको ४० | |
| ५ | १००००००१ देखी माथि सबैमा | थप प्रति लाखको ७५ | |

## अनुसुचि-२ः

### घरजग्गा बहाल कर (१०%)

घर, जग्गा, गोदाम, टहरा, कम्पाउण्ड आदि बहालमा लिंदा दिंदा सम्झौता रकमको १०% बहाल कर असुलउपर गरिने छ ।

## अनुसुची-३

### क) उघ्योग ब्यबसाय तर्फको दर्ता तथा नविकरण बापतको शुल्क

| विवरण | १० लाख सम्म | २५ लाख सम्म | २५ लाख भन्दा बढी |
|---|---|---|---|
| क) ईट्टा भट्टा | ५००० | प्रतिलाख रू.१००० | प्रतिलाख रू. १३०० |
| ख) स -मील फर्निचर उद्योग | ५००० | प्रति लाख रू.७५० | प्रति लाख रू. १००० |
| ग) कुटानी पिसानी मील | ५०० | प्रतिलाख रू.७५ | प्रतिलाख रू. १०० |
| घ) छपाई प्रेश | ५०० | प्रतिलाख रू.८० | प्रतिलाख रू. १०० |
| ङ) चुक्पा, पाउरोटी, बोस्कुट उद्योग | ५०० | प्रतिलाख रू.७५ | प्रतिलाख रू. १०० |

| | | | |
|---|---|---|---|
| च) कृषी औजार निर्माण उद्योग | ५०० | प्रतिलाख रू.५० | प्रतिलाख रू. ३० |
| छ) ग्रील उद्योग | २००० | प्रतिलाख रू.३०० | प्रतिलाख रू. ४५० |
| ज) दुग्ध डेरी\छुर्पी उद्योग | १००० | प्रति लाख रू. १२५ | प्रति लाख रू. १५० |
| झ) क्रसर उद्योग स्थापना संचालनको ईजाजत तथा दर्ता | रू. १५,००० | | |
| ञ) क्रसर उद्योग नविकरण | रू. ५००० | | |
| ट) अन्य उद्योगलाई उद्योगको प्रकृति हेरी | रु २००० देखी १,००,०००।- सम्म लिन सकिने । | | |

## ख) घरेलू उद्योग दर्ता तथा नवीकरण बापत

| स्किमको आधारमा | दर्ता वपत | नवीकरण वपत | कैफियत |
|---|---|---|---|
| १ लाख रुपैया सम्मको | ५०० | ३०० | |
| १ लाख देखी ३ लाखसम्म | १००० | ५०० | |
| ३ लाख देखी ५ लाखसम्म | १५०० | ७०० | |
| ५ लाख भन्दा बढी | २५०० | १००० | |

## ग) अन्य व्यसायतर्फ

### अ. कृषिजन्य फर्म दर्ता नविकरण शुल्क

| विवरण | ५ लाख सम्म | १५ लाख सम्म | १५ लाख भन्दा बढी |
|---|---|---|---|
| क) कुखुराको फर्म दर्ता | ७०० | प्रतिलाख रु.२०० | प्रतिलाख रु.३०० |
| ख) कुखुराको फर्म नविकरण | ५०० | प्रति लाख रु.१०० | प्रति लाख रु.१२५ |
| ग) सुगुर\बंगुर फर्म दर्ता | १००० | प्रतिलाख रु.३०० | प्रतिलाख रु.४०० |
| घ) सुगुर बंगुर फर्म नवीकरण | ५०० | प्रतिलाख रु.१०० | प्रतिलाख रु.१३५ |
| ङ) बाख्रा\भेडा फर्म दर्ता | १००० | प्रतिलाख रु.३०० | प्रतिलाख रु.४०० |
| च) बाख्रा\भेडा फर्म नवीकरण | ५०० | प्रतिलाख रु.१०० | प्रतिलाख रु.२१२५ |
| छ) गाई\भैंसी फर्म दर्ता | १२०० | प्रतिलाख रु.३०० | प्रतिलाख रु.४५० |
| ज) गाई\भैंसि फर्म नविकरण | ५०० | प्रतिलाख रु.१०० | प्रति लाख रु.११५ |



केशर कुमार मुखिया
अध्यक्ष

| | | | |
|---|---|---|---|
| झ) अन्य कृषिजन्य उत्पादनमुलक कृषी समुह दर्ता र नविकरण (नगदे वाली, फलफुल खेती, तरकारी वाली, कफी, चिया, अलैची आदि) | ५०० | प्रतिलाख रु.१२० | प्रतिलाख रु.१५० |
| ञ) अन्य कृषिजन्य उत्पादनमुलक कृषी फर्म दर्ता र नविकरण (नगदे वाली, फलफुल खेती, तरकारी वाली आदि) | ६०० | प्रतिलाख रु. १२५ | प्रतिलाख रु.१४५ |
| ट) अन्य पशुपन्छी जन्य फर्महरू दर्ता र नविकरण | ६०० | प्रतिलाख रु. १५० | प्रतिलाख रु.१८० |

## आ. होमस्टे र रिसोर्ट दर्ता नवीकरण शुल्क

| बिवरण | ५ लाख सम्म | १५ लाख सम्म | १५ लाख भन्दा बढी |
|---|---|---|---|
| क) होमस्टे दर्ता सामुहिक | ५०० | प्रतिलाख रु.१५० | प्रतिलाख रु.२०० |
| ख) होमस्टे सामुहिक नविकरण | ३०० | प्रतिलाख रु.७५ | प्रतिलाख रु.१०० |
| ग) होमस्टे व्यक्तिगत दर्ता | ३०० | प्रतिलाख रु.५० | प्रतिलाख रु.८० |
| घ) होमस्टे व्यक्तिगत नवीकरण | १५० | प्रतिलाख रु.३० | प्रतिलाख रु.५० |
| ङ) रिसोर्ट दर्ता | १००००, | प्रतिलाख रु.२५०० | प्रतिलाख रु.४००० |
| च) रिसोर्ट नवीकरण | ५००० | प्रतिलाख रु.१५०० | प्रतिलाख रु.२०००० |

## इ. ब्यापार ब्यबसाय तर्फ दर्ता तथा नविकरण बापतको शुल्क

| क.स. | ब्यवसायको प्रकार | ५ लाख सम्म | १५ लाखसम्म | १५ लाख भन्दा बढी |
|---|---|---|---|---|
| १ | किराना पसल | ४०० | हरेक लाखको रु.१०० | हरेक लाखमा रु.१५० |
| २ | चिया नास्ता पसल | १५० | हरेक लाखको रु.५० | हरेक लाखको रु.२८० |
| ३ | होटल (खाने बस्ने सुविधा भएको) | ५०० | हरेक लाखको रु.१२५ | हरेक लाखको रु.१७५ |
| ४ | थान कपडा पसल | ५०० | हरेक लाखको रु.१५० | हरेक लाखको रु.२०० |
| ५ | हार्डवेयर पसल | १००० | हरेक लाखको रु.२५० | हरेक लाखको रु.३५० |
| ६ | तरकारी तथा फलफूल पसल | ५० | हरेक लाखको रु.६० | हरेक लाखको रु.७५ |
| ७ | स्टेसनरी, पुस्तक, पत्रपत्रिका पसल | ३५० | हरेक लाखको रु.१०० | हरेकलाखको रु.१२५ |

| | | | | |
|---|---|---|---|---|
| ८ | फेन्सी कपडा पसल | ३०० | हरेक लाखको रु.१०० | हरेक लाखको रु.१५० |
| ९ | औषधी पसल (पसु औषधी समेत) | १५० | हरेक लाखको रु.५० | हरेक लाखको रु.८०० |
| १० | टेलरीङ | १५० | हरेक लाखको रु.७५ | हरेक लाखको रु.१०० |
| ११ | फर्निचर पसल | ५०० | हरेक लाखको रु.१२० | हरेक लाखको रु.१५० |
| १२ | ट्युसन कोचिङ सेन्टर | १०० | हरेक लाखको रु.४० | हरेक लाखको रु.७५ |
| १३ | दर्तावाला मदिरा पसल | १५०० | हरेक लाखको रु.७५० | हरेक लाखको रु.१००० |
| १४ | सुन चाँदीपसल (निर्माण समेत) | १००० | हरेक लाखको रु.१०० | हरेक लाखको रु.१०० |
| १५ | भाँडा पसल | ७०० | हरेक लाखको रु.१५० | हरेक लाखको रु.२०० |
| १६ | घडि रेडियो, मोवायल लगायत इलेक्ट्रोनिक पसल | ३०० | हरेक लाखको रु.१०० | हरेक लाखको रु.१२५ |
| १७ | घडी रेडियो मोवायल-आदि मर्मत सेन्टर | १५० | हरेक लाखको रु.५० | हरेक लाखको रु.८० |
| १८ | ब्युटिपार्लर,हजाम | १०० | हरेक लाखको रु.२५ | हरेक लाखको रु.४० |
| १९ | मोटर साईकल, गाडी मर्मत सेन्टर | ५०० | हरेक लाखको रु.१२५ | हरेक लाखको रु.१८० |
| २० | मनी ट्रान्सफर | १००० | हरेक लाखको रु.२५० | हरेक लाखको रु.३५० |
| २१ | मासु पसल | ५०० | हरेक लाखको रु.१२० | हरेक लाखको रु.१६० |
| २२ | कस्मेटिक | ३०० | हरेक लाखको रु.१०० | हरेक लाखको रु.१५० |
| २३ | आर्ट सेन्टर | १०० | हरेक लाखको रु.४० | हरेक लाखको रु.७५ |
| २४ | फलफुल जडीबुटी र विरुवा नर्सरी | २०० | हरेक लाखको रु. ३० | हरेक लाखको रु २० |

## अनुसूची-४
## स्थानीय सडक उपभोग शुल्क

(प्रति गोटा प्रति ट्रिप रु. मा)

| क.स. | सडक | दर | | | कैफियत |
|---|---|---|---|---|---|
| | | ट्याक्सी | बस | ह्यामी ठूला गाडी | |
| १ | वेचम्बु – विर्तामोड | ५० | ८० | १०० | |
| २ | वेचम्बु- फुदिलङ | ७५ | १२५ | २०० | |



केशर कुमार सुब्बा
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | तिरिङ्गे — फुङलिङ | ५० | ७५ | १०० | |
| ४ | डुमृसे-थेचम्बु-फुङ्लिङ | १०० | १५० | २०० | |
| ५ | थुम्वेदिन- बिर्तामोड | ५० | १०० | १५० | |
| ६ | नाङखोल्याङ-कामीडाँडा-फुङ्लिङ | ४० | ५० | १०० | |

## अनुसूची-५

## बहाल बिटौरी शुल्क

| क.स. | जग्गा उपयोगको प्रक्रिति | परिमाण प्रति रोपनी वार्षिक रु. | कैफियत |
|---|---|---|---|
| १ | घर बनाई बसेको | १०० | |
| २ | खेती गरेको भए | ५० | |
| ३ | टहरो बनाई व्यबसाय गरेको | १०० | |

## अनुसूची-६

## ढुङ्गा, गिटी, वालुवा दहत्तर बहत्तर संकलन तथा बिक्री शुल्क

[illegible] गरिएका स्थानहरूमा तोकीएको परिमाण भन्दा बढी नहुने गरी प्रदेश आर्थिक ऐन, २०७६ को दफा ८ र अनुसूचि ५ मा उल्लेख भए अनुसार असुल गरीने । सोका लागि खानीहरूको न्युनत्तम बिक्री तथा संकलन मूल्य गाउँकार्यपालिकाले निर्णय गर्न सक्नेछ ।

## अनुसूची- ७

## रुख कटान सिफारीश शुल्क

१. कुकाठ जस्तै पात्ले, कटुस, चिलाउने, सल्लो, उत्तिस, लामपाते आदि — प्रतिगोटा २००
२. कडा काटजन्य- जस्तै खयर, चाप, ओखर, साल, सिसौ आदि--------- प्रतिगोटा १०००

## अनुसूचि-८

## काठ तथा गोलिया निकासी गर्दा सडक उपभोग शुल्क

| साधन | काठको प्रकार | प्रति एकाई मूल्य | काठको प्रकार | प्रति एकाई मूल्य | कैफियत |
|---|---|---|---|---|---|
| ट्याक्टर | कुकाठ जस्तै पात्ले, कटुस, चिलाउने, सल्लो, उत्तिस आदि | ५००।- | कडा काठ जन्य ,जस्तै साल) (खयरआदि ,ओखर ,चाप | १५००।- | जिल्ला वनबाट आवश्यक प्रकृया पूरा गरेका भएमात्र |
| ट्रक | " | १०००। | " | ३०००।- | |
| टिप्पर | " | ७५० | " | २०००।- | |



केशर कुमार सुब्बा
अध्यक्ष

## अनुसूची-९

## सवारी साधन कर

| क.स. | सवारि साधनको नाम | बार्षिक करको दर | कैफियत |
|---|---|---|---|
| १ | अटो रिक्सा | ३००० | |
| २ | ई-रिक्सा (इलेक्ट्रोनिक रिक्सा) | ३००० | |
| ३ | पावर ट्रिलर | १५०० | |
| | | | |

## अनुसुचि-१०

## सेवा शुल्क तथा दस्तुर

| क.स. | विवरण | सिफारिस\प्रमाणित दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | **निवेदन दस्तुर** | २० | |
| | | | |
| २ | **नागरिकता सम्बन्धि सिफारिस** | | |
| | अनुसूची १ नागरीकता सिफारीस | २०० | |
| | प्रतिलिपी सिफारीस | २५० | |
| | अनुसूची ३ सिफारिस | ५०० | |
| | सनाखत सम्बन्धी सिफारिस | ५०० | |
| | नागरिकता बिवरण संशोधन सिफारिस | ६०० | |
| | नागरिकता संशोधन सिफारिस | १००० | |
| | | | |
| ३ | **जग्गाको स्रेस्ता कार्यान्वयन र दर्ता सिफारिस** | | |
| | बजार क्षेत्र र राजमार्गसंग जोडिएको जग्गा प्रति रोपनी | ५०० | |
| | ग्राभेल सडकले जोडिएको जग्गा प्रति रोपनी | १०० | |
| | कच्ची सडकले जोडिएको जग्गा प्रति रोपनी | ७५ | |



केशर बहादुर सुब्बा
अध्यक्ष

| | | | |
|---|---|---|---|
| | अन्य जग्गा प्रति रोपनि | ५० | |
| | | | |
| ४ | **जग्गाको चार किल्ला प्रमाणित (प्रति कित्ता)** | | |
| | १५ रोपनि सम्म | ५०० | |
| | ३० रोपनी सम्म | ७०० | |
| | ३० रोपनी भन्दा बढी | १०००- | |
| | | | |
| ५ | **जग्गा चार किल्ला सिफारिश** | | |
| | १५ रोपनी सम्म | ५०० | |
| | ३० रोपनी सम्म | ७०० | |
| | ३० रोपनी भन्दा बढी | १००० | |
| | | | |
| ६ | **घर जग्गा मूल्याङ्कन र आम्दानी प्रमाणित** | | |
| | घर जग्गाको मूल्याङकन प्रतिहजार | रू ५ | |
| | आम्दानी प्रमाणित प्रतिहजार | रू ५ | |
| | विध्यार्थी भिषा प्रयोजको लागि | २५% छुट | |
| | | | |
| ७ | **घरबाटो प्रमाणित** | ५०० | |
| | | | |
| ८ | **धनीपूर्जामा घर कायम** | ५०० | |
| | | | |
| ९ | **जग्गा सम्बन्धी अन्य सिफारीश** | | |
| | पूर्जामा विवरण संशोधन | ५०० | |
| | पूर्जा हराएको | ५०० | |
| | जग्गा नरबढी कायम | १००० | |

| | | | |
|---|---|---|---|
| | किषि सहकारी दर्ता | ५००० | |
| | बचत तथा रीण सहकारी दर्ता | ८००० | |
| | बहुदेशीय सहकारी दर्ता | १०००० | |
| | सबै प्रकारका सहकारी सूचिकरण तथा नवीकरण | २५०० | |
| | खारेजी | २५०० | |
| | वित्तीय संस्था सूचिकरण तथा अनुमती | १००००. | |
| | सहकारी, वित्तीय संस्था पहिल्यै दर्ता भएकोमा सूचिकरण गर्ने | ३००० | |
| | "क" वर्गको बैक वा वित्तिय संस्थालाई काम गर्ने अनुमती | १०००० | |
| | "ख" वर्गको बैक वा वित्तिय संस्थालाई काम गर्ने अनुमती | ७००० | |
| | "ग" वर्गको बैक वा बित्तीय संस्थालाई काम गर्ने अनुमति | ५००० | |
| १३ | **अन्य सिफारिस** | | |
| | नाता प्रमाणित | ३०० | |
| | स्थायी बसोवास, चाल चलन प्रमाणित | ३०० | |
| | जन्म मृत्यु, विवाहित, अविवाहित प्रमाणित | ३०० | |
| | बैदेशिक रोजगार प्रमाणित | ५०० | |
| | कर चुक्ता प्रमाणित | ५०० | |
| | विद्युत(मिटर बक्स) जडान, टेलिफोन जडान, धारा जडान सिफारिस | ३०० | |
| | नावालक परिचय पत्र सिफारिस | २०० | |
| | दुई वटा नाम भएको ब्यक्ति एउटै भएको प्रमाणित, सिफारिस | २०० | |
| | आदिवासी\जनजाती, दलित, अल्पसंख्यक, मुस्लिम, मधेसी, पिछडा वर्ग सिफारिस प्रमाणित | २०० | |
| | आर्थिक सम्पन्नता भएको सिफारिस | १००० | |
| | आर्थिक विपन्नता भएको सिफारिस | १०० | |
| | परिवारिक विवरण प्रमाणित | ३०० | |
| | यसमा उल्लेखित नभएका सिफारिस प्रकृति हेरी | ५०० | |
| १५ | कपाली तमसुक प्रमाणित | | |



केशर कुमार श्रेष्ठ
अध्यक्ष

| | | | |
|---|---|---|---|
| | क) १ लाख रुपैया सम्मको कपालि तमसुक भए | ५०० | |
| | ख) १ लाख देखी ५ लाख सम्मको कपालि तमसुक भए | प्रति लाख रू. २०० | |
| | ग) ५ लाख भन्दा बढी कपाली तमसुक भए | प्रति लाख रू ४०० | |
| १६ | **घर नक्सा पास** | | |
| | खर वा टिनको छानो भएको घर (प्रति वर्ग फुट) | २ | |
| | RCC कंकृट घर प्रति वर्ग फूट | ५ | |
| १७ | **घर नक्सा कायम** | | |
| | खरको छानो भएको एक तले घर | २०० | |
| | खरको छानो भएको २ वा सोभन्दा बढी तला भएको घर | ३०० | |
| | टीनको छानो भएको १ तले गर | ३०० | |
| | टिनको छानो भएको २ तले घर | ५०० | |
| | ३ वा सोभन्दा बढी तला भएको टिनको छानो भएको घर | ७०० | |
| | RCC ढलान भएको पक्की घर १ तले | १५०० | |
| | RCC ढलान भएको पक्की घर २ तले | ३५०० | |
| | RCC ढलान भएको पक्की घर ३ वा सोभन्दा बढी तले | ५००० | |
| १८ | **बिक्री आय** | | |
| | पुराना सामान दाउरा काठ बिंक्री | लिलामबाट | |
| | फारम बिक्रि वापत (प्रति फरम) | १० | |
| | ऐन, नियमावली, कार्यविधी, गाउँपार्श्व चित्र, बैठकको प्रमाणित प्रतिलिपी आदि | प्रति पेज रू ५ .(A४ साईज) | |
| | कार्यालयको कागजात लिखत उतार प्रतिलिपी प्रति पेज | ४ | सिंगल साईज |
| | कार्यालयको कागजात लिखत उतार प्रतिलिपी प्रति पेज | ७ | डवल साईज |
| | बिडिङ टेन्डर आदिको कागजपत्र बिक्री | सार्वजनिक खरीद ऐन र नियमावली अनुसार | |
| १९ | **दण्ड सजाय** | | |
| | **३५ दिन भित्रको घटना दर्तामा कुनै किसिमको शुल्क नलाग्ने** | ० | |



केशर कुमार सुवेदी
अध्यक्ष

| | | | |
|---|---|---|---|
| | **३५ दिन नाघि दर्ता हुन आएका घटना दर्तामा निम्नानुसारका बिलम्ब शुल्क लाग्नेछ** | | |
| | १. पञ्जिकरण बिलम्ब शुल्क | ५० | |
| | २. पञ्जिकरण सेवा शुल्क | ५० | |
| | ३. पंजिकरण प्रतिलिपी | २०० | |
| | ४. पंजिकरण प्रमाण पत्र संशोधनको अनुमती | ३०० | |
| | ५. पंजिकरण संशोधनको पछिको प्रमाण पत्र | ५०० | |
| २० | **सर्जमीन मुचुल्का प्रमाणित** | ५०० | |
| २१ | **कन्सुलर सम्बन्धि कागजात भेरिफिकेशन** | १,०००।- | |
| २२ | **"घ" वर्गको निर्माण व्यवसायीको लाइसेन्स ईजाजत** | | |
| | दर्ता शुल्क | १५,०००।- | नयाँ दर्ता वा नामसारि पछी कम्तिमा ५ वर्ष नामसारि वा वेचबिखन गर्न नपाईने |
| | नविकरण शुल्क | ३,०००।- | |
| | नामसारी तथा हक हस्तान्तरण शुल्क | १०,०००।- | |
| २३ | **मुद्दा दर्ता शुल्क** | २००।- | |
| २४ | **ह्याभी ईक्विपमेन्ट संचालनको अनुमती बापत** | | |
| | ठूलो एक्जाभेटर | १०,०००।- | |
| | सानो जेसिवी | ३००० | |
| | रोलर | ३००० | |
| २५ | **व्यवसाय फर्म मौजुदा सूचीमा सूचिकृत हुन** | १,००० | |

***नोटः- उल्लेखित सबै प्रकारको सिफारिसहरूलाई अंग्रेजीमा तयार गर्दा दोब्बर दस्तुर लिईनेछ ।***

अनुसूचि-११

## आगमी आ.व. २०७६/७७ र आ.व. २०७७/७८ का लागि आन्तरीक आम्दानीको अनुमान

रु. हजारमा

| क्र.स. | शीर्षक | आ.व. २०७४/७५ | चालू आ.व.को संशोधित अनुमान | चा.लु.आ.व.को हाल सम्मको वास्तविकता | आगमी आ.व. २०७६/७७ को प्रक्षेपण | आ.व. २०७७/७८ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|
| १ | घरजग्गा तथा सम्पत्ति कर (मालपोत समेत) | ७७३ | ७०० | ७८० | ८०० | ९०० |
| २ | घरजग्गा बहाल कर | ३००९ | ७० | ६३ | ८० | ९० |
| ३ | व्यवसाय कर (दर्ता नवीकरण समेत) | १०६ | १७० | १२८ | १८० | २०० |
| ४ | बहाल बिटौरी शुल्क | ० | ० | ० | ० | ० |
| ५ | पार्किङ शुल्क | ० | ० | ० | ० | ० |
| ६ | जडीबुटी, कवाडी र जीवजन्तु कर | ० | ० | ० | ० | ० |
| ७ | सेवा शुल्क (सिफारीस दस्तुर विलम्ब शुल्क समेत) | १२७ | ७०० | ४२९ | ७०० | ८०० |
| ८ | अन्य विवध | २४५ | ४५० | ३६० | ५०० | ६०० |
| ९ | ढुङ्गा गिटी बालुवा (दहत्तर बहत्तर) संककलन तथा बिक्री शुल्क | ० | ७८० | ५६५ | ९०० | १००० |
| | जम्मा | ४२६० | २८७० | २३२९ | ३१६० | ३५९० |

केशर कुमार खुला
अध्यक्ष